In Public Domain. Digitization by eGangotri.Funding: I

कुमारी दीक्षा

सनातन धर्म सेवा समिति, मणिपुर

epal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

"यतो धर्मस्ततो जयः"

कुमारी दीक्षा

सनातन धर्म सेवा समिती मणिपुर
द्वारा सम्पोर्पित /

प्रमाण संकलन कर्ता :
पं. श्री बद्रीनाथ शरण खतिवड़ा

सनातन धर्म सेवा समिति, मणिपुर

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding:

सर्वाधिकार - सनातन धर्म सेवासमिति, मणिपुर

प्रथम संस्करण प्रति - २०००

ति. ग-४८१

प्रकाशक :- सनातन धर्म सेवा समिति, चारहजारे, मणिपुर

मूल्य :- रुपियाँ २०/-
मुद्रक :- क्रियेटिव कम्पु प्रिन्ट, ईम्फाल, मणिपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

प्रकाशकीय

सनातन धर्म सेवा समिति मणिपुरको स्थापना कर्मकाण्डमा एकरुपता एवं समयानुकल धार्मिककार्यमा सुधार आओस भन्ने मूल धारणा राखेर नै भएको हो। यसै कार्यका अन्तर्गत ''कुमारी दीक्षा'' पनि हो। कुमारी दीक्षा मा. पं. बद्रीनाथशरण खतिवड़ा ज्यूकाअथक प्रयास द्वारा आरम्भ भएको कार्य हो। यो कार्यमा सनातनधर्मका वरिष्ठ व्यक्तिहरुको शुभ सम्मति पनिप्राप्त भएको छ। तर यसमा विविधता आएको देखेर यसको यौटा पुस्तक प्रकाशित गर्नु पर्ने आवश्यकता पऱ्यो। यस कुरालाई चिन्तन गरी यो पुस्तक प्रकाशित गर्दै छौं। यो पुस्तक सम्पूर्ण र अन्तिम हैन। यसमा अनेक कमीहरु पनि छन्। विद्वत्वर्गका चरण कमलमा आफ्नो शिर राखी सनातन धर्म सेवा समिति, मणिपुर 'निवेदन टक्याउँदै उत्तरोत्तर सुधार गरी सनातन धर्मको यो समस्यामाथि सहज र सुगम समाधानको बाटो प्राप्त गर्न मार्गदर्शनको आशा पनि राखेको छ।

सनातन धर्म सेवा
समिति
चारहजारे , मणिपुर

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

शुभ सम्मति दाता विशिष्ट महानुभावहरु

सनातन धर्म युग सापेक्ष कुरा स्वीकार गर्ने धर्म भएकाले यसमा यसैमात्र गरिरहनु पर्दछ भन्ने आग्रह छैन। देश-काल र परिस्थिति युग सुहाउँदो, समाज अनुकुल व्यवस्था बनाउन शास्त्रभित्र पर्याप्त आधारहरु भएकाले समय सापेक्ष समाज व्यवस्था गर्ने अधिकार दिएको पाइन्छ। यस्तै व्यवस्था भित्र कुमारी दीक्षाको कार्य पनि हो। यस कुरालाई गहन अध्ययन र चिन्तन गरी कुमारी दीक्षा समयको माँग हो भनी आफ्नु मन्तव्य दिने विशिष्ट महानुभावहरु यस प्रकार हुनु हुन्छ :-

१. **अनन्त श्री विभूषित, "जयेन्द्र सरस्वती"**
जगद्गुरु शंकराचार्य, कांचीकामकोटी पीठ।

२. **श्री योगी सम्राट "योगी नरहरी नाथ"**
श्री वागीश्वरी आध्यात्मिक परिषद।

३. **अनन्त श्री विभूषित "अधोक्षजानन्द"**
जगद्गुरु शंकराचार्य, गोवर्धन पीठ, पुरी।

४. **डा. "स्वामी प्रपन्नाचार्य"**
हिन्दू विद्यापीठ, बालकुमारी, ललितपुर।

५. **आचार्य "पुष्प भारद्वाज"**
केन्द्रीय सदस्य विश्व हिन्दू महासंघ, अर्जुन धारा।

६. **अखिल म्यामा संस्कृत स्नातक सेवा मण्डली**
टमु म्यामार (वर्मा)

७. **श्री "एस. निलवीर शास्त्री"**
अध्यक्ष, मणिपुर संस्कृत परिषद,

८. **आचार्य, राधागोविन्द थोङाम**
एम. ए. विद्यावाचस्पति (पी.एच. डी.) साहित्य महोपाध्याय,
संस्थापक सचिव, मणिपुर वेद प्रचारक सभा

९. **पं. श्रीदाताराम खनाल**
अध्यक्ष, झापा जिल्ला, हिन्दू महासंघ।

१०. **पं. "श्री कृष्ण प्रसाद मिश्र"**
अध्यक्ष, सनातन धर्म सेवा समिति, झापा

सनातन धर्मका हितचिन्तक अन्यान्य श्रेष्ठ विद्वानहरुको पनि यसमा सहमति प्राप्त भएको छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

सज्जन वृन्द प्रति विनम्र निवेदन

२१ औंशताब्दी मानव विकासको उन्नतिको चरम शताब्दी हुने छ भन्दा केही अत्युक्ति न होला। यो युग नारी-पुरुषको सम्बन्धमा क्रान्तिको युग पनि हो। नारी जातिका प्रतिको मध्यकालीन अवधारणा अवश्य गलत हुने छ। यस कुरालाई अनुभव गर्दै कुमारीहरुको आजको विषम परिस्थितिमा विवाहलाई मात्र दीक्षाको अधारमान्दा सनातन धर्मले नारी जातिलाई रुढीगत अत्याचार गरेको ठहरिने भयो जस्तो लागेर मेरो हृदय सारै नै दु:खित भयो। विवाह नहुँदै २५-३० वर्ष की युवतीको मृत्युलाई ५ (पाँच) वर्षका बालकका सरह काज क्रिया गर्नु, विवाह न हुन्जेल भगवानको उपासनाबाट वञ्चित राख्नु के शास्त्र सम्मत कुरो होला त ? हिन्दुशास्त्र विश्वको सबै भन्दा वैज्ञानिक शास्त्र हो। त्यसो भए के छोरीचेलीहरुका लागि मात्र विवाह बन्धन राखेर शास्त्र चुप लागेको छ होला त ? मनमा यस्ता तरंगहरुले मलाइ आ ..... भनेर चुप लाग्न दिएन। त्यसकारण यस विषयमा विभिन्न शास्त्रका वचन र पुराणहरु हेर्ने प्रयास गरें। युग सापेक्ष धर्म भएकाले कलियुगी मनुष्यका लागि अवश्य पनि केही प्रावधान हुनु पर्दछ भन्ने विश्वास भएकोले मैले शास्त्र भित्रका प्रमाणहरु जुटाउने प्रयास गरें। यसो गर्दा विद्वत् वर्गले मलाई अवश्यनै धृष्टता गरेको ठान्नु हुने छ। जस्ले कुनै शास्त्रको अध्ययन विद्वान गुरुहरुका समीपमा बसेर अथवा काशीमा बसेर गरेको छैन, त्यस्ता तुच्छ व्यक्तिले शास्त्र भित्र बाट यस्ता प्रमाणहरु पाइए भनी प्रमाण निकाल्ने प्रयास गरेकामा विद्वत् वर्गहरु संग म क्षमा याचना गर्दछु। मैले विद्वान भएर हैन, तर समाजभित्र भई रहेको परिवर्तन र युगको मांगले गर्दा "कुमारी दीक्षा" भित्र परेको नारी समस्यालाई आफ्नु पुरानु परिपाटी र प्रचलन देखि माथि उठी चिन्तन गरी दिनु हुन पुन: करबद्ध प्रर्थना गर्दछु। हाम्रो धर्म "सनातन" हो। सनातन हो भने प्रत्येक युगानुकुल व्यवस्था यसमा अवश्य हुनु नै पर्‍यो। त्यसकारण सम्पूर्ण सज्जनहरुले यो मेरो प्रयासलाई सकारात्मक दृष्टिले विचार गरी दिनु हुने छ भनी निवेदन पनि गर्दछु।

अन्तमा, उक्त कार्यलाई जो प्रात: स्मरणीय विद्वत्वर्गहरु द्वारा सम्मति पत्रहरु समेत दिनु भएको छ वहाँहरुका प्रति कृतज्ञता प्रकट गर्ने शब्द सम्म उपलब्ध न भएकाले हार्दिक अभिनन्दन गर्दछु। पुनश्च यस कार्यका निमित्त सकारात्मक सुझाव दिने सज्जनहरुलाई आह्वान गर्दछु॥

पं. श्री बद्रीनाथ शरण खतिवड़ा
चारहजारे, मणिपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

कुमारी दीक्षा को आवश्यकता

आज विश्व ५२ शताब्दीमा प्रवेश गर्न खोज्दै छ । मानव मस्तिष्कको निरन्तर विकास हुँदै छ । विज्ञानको सेवामा तत्पर वैज्ञानिकहरु कार्यरत छन् । चरमोत्कर्षमा पाईला परे पछि विज्ञानको काल समाप्त हुन्छ । रचनात्मक सामाग्रीहरुको रचना गर्नु विज्ञानको कार्य हो । ज्ञान बाट शून्य अथवा अलग भएका सुसुप्त मानव मस्तिष्कलाइ चेतना दिलाउनु पनि विज्ञानको प्राथमिक कार्य हो । ज्ञान र विज्ञानको परस्पर परोक्षापरोक्ष सम्बन्ध छ । भारतीय रत्नभित्र वैज्ञानिकहरु पनि पर्दछन् । ज्ञान र विज्ञानको कार्य क्षेत्र जाति-धर्म आदि बन्धनबाट निस्किएको (मुक्त) क्षेत्र हो । यसको मूल उद्देश्य संसार कल्याण गर्नु मात्र हो । वैज्ञानिक दुई प्रकारका छन् । "आध्यात्मिक" र "भौतिक" आध्यात्म र भौतिक दुइटा पदार्थको मन्थन बाट उत्पन्न पदार्थ कर्म काण्ड हो । कर्मकाण्डले भौतिकवादलाई भन्दा आध्यात्मिकतालाई महत्व दिएको हुन्छ । विज्ञानको विपरित गतिलाई रोक्ने धर्म, उपासना र संस्कारको ठूलो हात हुन्छ । कर्मकाण्डमा आज विकृति आयेको छ । त्यसलाई हटाएर पुन: वास्तविकतामा पुग्नु यस युगको महान कार्य बन्न पुगेको छ ।

यस युगमा जता-ततै एउटै स्वर सुनिदै छ । नारीलाई पुरुषको समान दर्जामा स्थान दिइयोस् । नारीलाई समान वेतन र उचित स्वतन्त्रता मिलोस् भन्ने । भारतमा वा हिन्दुसमाजमा बाल विवाहको प्रथा चल्यो । यसको पछाडी यौटा कारण स्पष्ट छ । भारत जब विदेशीमान्छेको टुँडी खेल्ने ठाँउ भयो तब हिन्दुसमाजलाई ठूलो संकट पर्यो । धर्म, अर्थ आदि क्षेत्रमा मात्र न भएर अन्य सामाजिक क्षेत्रमा पनि अत्याचार भयो । यहाँ सम्म पनि कि अविवाहित बालिकाहरु माथि पनि घोर आपत्ति आईलाग्यो र एकदिन सारा समाजलेनै बाल विवाहलाई विवश भएर स्वीकार गर्यो । पुराण, वेद, प्राचीन भारतीय ग्रन्थहरुमा बाल विवाहको उल्लेख छैन । विधवा युवतीहरुको पनि दुर्दशानै पारेको थियो तत्कालिन व्यवस्थाले, त्यसै समयमा सती प्रथाले पुन: एक चोटी जरागाडी सकेको थियो । तर समाज भित्रका केही जागरुक व्यक्तिहरुले त्यस प्रथालाइ रोक्न सक्ने वातावरण तैयार गरे र रोक्नमा सफल भए । नारीहरुलाई समाजको मुख्यधारामा जोड्न प्रयास गरे । "कुमार संम्भवम्" "अभिज्ञान शाकुन्तलम्" जस्ता संस्कृतका लौकिक ग्रन्थहरुमा पनि युवावस्थामा मात्रै विवाह भएको बताएका छन् । पार्वतीले शिव प्राप्तिको निमित्त कठोर तपस्या गरेको कुरा देख्न पाइन्छ । त्यस समयमा पनि कुमारीहरुलाई दीक्षित गर्ने चलन थियो, तर जब बाल विवाह गर्ने कठीन समय आयो तब कुमारीहरुलाई दीक्षा दिने प्रचलन प्राय: समाप्त भयो । आज नियम अनुसार वयस्क न पुगेकी कुमारीको विवाह संस्कार गर्नु अपराध बन्न पुगेको छ । अत: आज समाजले पुन: कुमारी दीक्षा सम्बन्धमा ध्यानपूर्वक

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

विचार गर्नु परेको छ। राजनैतिक, सामाजिक दृष्टिले नारीलाई समान अधिकार दिन तयार छौं, भने धार्मिक दृष्टिबाट पनि यथोचित व्यवस्था गर्ने बेला आएको छ। प्राणी जीवन र मृत्युको हकदार छ, तर नियंत्रक हैन। के नारीलाई दीक्षा ग्रहण गर्ने अधिकार छैनत ? जीवित अवस्थामा केही न भए पनि मृत्यु अविवाहित अवस्था मा भयो भने उसलाई क्रिया, कर्म गर्ने अधिकार छैनत ? शोलह संस्कार मध्ये अन्तिम संस्कारका भागी हुँदैननत ? यस्ता प्रश्नहरुको समाधान वा खोजी हाम्रा ''धार्मिक ग्रन्थहरुले'' आफ्नो गर्भ भित्र लुकाएर राखेको छ। तिनै कुराहरुलाई खोज्ने व्यवस्था गरिएको छ।

क्रिया वा दशगात्र कर्म गराउने पुस्तकहरु मध्ये ''गरुड पुराण'' शीर्षस्थानमा छ। विभिन्न पक्षहरुमा पनि गरुड पुराणले व्यापकता पूर्वक वर्णन गरेको छ। गरुड पुराणको भनाइ यो छ कि कुनै अवस्थामा पनि क्रिया लोप हुनु हुँदैन ''क्रिया लोपो न कर्तव्य:''। पुन: यसरी भनेको छ ''वयस्तुल्या क्रिया भवेत्'' अर्थात् आयु अनुसारको क्रिया हुनु पर्दछ। तर यहाँ समस्या के आँउदछ भने २० वर्ष की कुमारीको देहान्त भयो भने कुन प्रकारले गर्ने ? आयु धेरै भये पनि दीक्षित छैन भने ! शास्त्रोक्त विधि अनुसार क्रिया गर्ने अधिकार पाएकी छैन। यदि क्रिया न गर्ने पक्षमा जाने हो भने उपरोक्त श्लोकहरुको कुनै महत्व नै भएन। यति मात्र नभएर ''किशोर र तरुणहरुको शैया, वृषोत्सर्गादि ठूल्ठूला कर्म गर्ने विधानहरु छन्। साथै अधिकारको पुष्टि पनि गरेका छन्।

असुरादि विवाहेषु या व्युढा कन्यका भवेत्।
तस्यास्तु पितृगोत्रेण कुर्यात् पिण्डोदक क्रिया॥

अर्थात असुरादि चारै प्रकारका निकृष्ट विवाह द्वारा पनि विवाहित कन्या छिन् भने, त्यसको गोत्रको अत्तो-पत्तो छैन र त्यसै अवस्थामा मृत्यु भयो भने पिताले स्वयं आफ्नो गोत्र दिएर दश गात्रादि क्रिया गर्नु पर्दछ। यस श्लोकको आशय यसरी लिन सकिन्छ। आसुरादि विवाहको अर्थ परधर्मी वा परम्परा देखि भिन्न स्थानमा विवाह भयेमा, ... समाजको मार्ग दिन-दिनै खुकुलिदै गयेको छ। हिन्दु वा सनातन धर्म देखि पृथक धर्मावलम्बिहरु संग कारणवस विवाहिता भई भने त्यस नारीलाई समाजले रीति रिवाजले यथा स्थानमा राखेको छैन। यदि त्यस प्रकारकी नारीको पनि दशगात्रादि कर्म गर्ने व्यवस्था शास्त्रले मिलाएको छ भने शैशव, बाल, एवं किशोर अवस्था संगै धर्मानुसरण गर्दै पिताको घरमा अविवाहिताको देहावसान भयेको खण्डमा दशगात्रादि कर्म नगर्ने त ? जति कन्यादान गर्दा माता पिताले फल पाउँदछन् यदि कुमारीको दशगात्रादि कर्म भयेन भने त्यत्तिनै पापका भागी हुन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

सपीण्डि गर्दाका समस्याको समाधान स्वयं भगवानले यसरी गर्नु भएको छ।

पुनश्चाहं प्रवक्षामि सपीण्डि करणं खगः
उमा लक्ष्मी च सावित्रीस्त्वेताभिर्मेलयेत् ध्रुवम ॥

पितृ गोत्र बाट पनि अलग तथा आसुरादि विवाहले गोत्र रहित भएकी कन्याको पनि भगवानले सपीण्डि गर्नु भन्नु भएको छ। पीण्डदिंदा वसुरुपा, रुद्ररुपा र आदित्यरुपाका स्थानमा उमा, लक्ष्मी र सावित्रीको नाउँ जोडेर सपीण्डि हुनु पर्दछ। यस बाट कुनैअवस्थामा पनि छोरीलाई फाल्नु नहुने कुरा स्पष्ट हुन्छ।

दशगात्र क्रियामा वैज्ञानिकता लुकेको छ। यो मात्र पुस्तकमा लिखित न भएर धेरै हाम्रा पूर्वजका तपस्या बाट उपार्जित ज्ञान हो। हाम्रा पूर्वजहरुले अनुभव गरेका छन्। अनुभव र कल्पनामा अन्तर हुन्छ। कल्पनामा सर्व सत्यता हुँदैन। तर अनुभवमा वास्तविकता लुकेको हुन्छ। कर्म काण्डले सधैं वास्तविकतालाई अँगालेको हुन्छ। कुमारहरुको "उपनयन" यज्ञोपवित गर्ने विधान आज सर्वत्र हिन्दुसमाजमा प्रचलित छ। तर कुमारीहरुको दीक्षा दिने सम्बन्धमा समाजले आज-भोली मात्र खोजी गर्न थालेको छ। जब जुन चिजको आवश्यकता हुन्छ तब मात्र त्यस विषयमा अनुसन्धान हुन थाल्छ; अनिमात्र त्यसको मूल्य थाहा लाग्दछ। सनातन धर्मावलम्बिहरुले अनादिकाल देखिनै कर्मकाण्डलाई शास्वत मान्दै आएका छन र आस्था पनि छ। मानवले बाँच्नका लागी सरल मार्गको खोजी गरेका छन्। आवश्यकता अनुसार ठेली भित्र रहेका कुरालाई मन्थन गरि समाजको सामु उभ्याएको छ। आजका समाजको यो माँग हो। कुमारीहरुलाई दीक्षा दिने र दशगात्रादि धार्मिक, पैतृक कार्यहरुमा अधिकार प्रदान गर्ने र पुरुष संगै समान अधिकार लिएर लौकिक तथा पारलौकिक दुवै स्थान शान्ति पाउने भन्ने। दीक्षित अविवाहिता कन्याको क्रिया सनातन धर्मानुसार गर्नु पर्दछ र मात्रै नारी र पुरुषमा परस्पर सामञ्जस्यता आउने छ। अनि समाज संतुलित भएर चिर काल सम्म चली रहने छ। धार्मिक, राजनैतिक, सांस्कृतिक ऐक्य भयो भने मात्र पुरुषको सहभागी भएर समाजोत्थानका निमित्त नारीहरुको सहयोग प्राप्त हुने छ। तसर्थ कुमारी दीक्षा युग सापेक्षता हो।

कमल खतिवड़ा
चारहजारे।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

कुमारी दीक्षा, युग सापेक्षता

भारतीय धर्म, संस्कार र संस्कृति संसारको सबै भन्दा पुरानु हो र यसमा युगै पछि केही न केही प्रायोगिक फेर बदल हुँदै नै आएको छ। यसैले होला ''हिन्दुधर्म'' को अर्को नाउँ युगधर्म रहेको हो। भारतीय धर्म, संस्कार र संस्कृतिको अर्को विशेषता के छ भने यसले त्यस धर्म भित्रका सबै वर्गलाई अँगालेर हिंडेको छ। यहाँ स्त्री, पुरुष, बालक, युवा, सधवा, विधवा, कन्या सबैको जगेड़ा गर्ने र सबैलाई आफ्नो-आफ्नो कुल मर्यादानुसार संसारमा जीवन यापन गर्ने र मृत्यु पश्चात् उचित क्रिया कर्म द्वारा पितृलोकवासी बनाउने व्यवस्था यस धर्मको पूर्ण व्यवस्था दिने ती त्रिकालदर्शी ऋषि-महर्षिहरुले दिएका छन्।

भारतीय धर्म शास्त्रले साधु, सन्यासी, ब्रह्मचारी, गृहस्थी आदि अवस्थाहरुको उचित मिमांसा गर्दै त्यस भित्र बस्नेहरुलाई विधि-विधान बाँधि दिएको छ। फेरी के गर्ने के नगर्ने को सीमा रेखा कोरि दिएको छ। सीमा बाहिर कथं कदाचित् अज्ञानवश भएको खण्डमा के-के विधि नियमहरुको पालन गर्दा अथवा दण्ड सजाय भोग्दा पुनः पैलाको अवस्थामा पुग्न सकिन्छ, भन्ने विषयमा पनि दिशा निर्देश गराएकोछ। यसैले यसको विश्वसनीयता प्रति कुनै शंका उठ्नै सकतैन। हाम्रा पुराणहरुमा यस्ता अनेकौं उदाहरण प्रस्तुत छन् - कथाका रुपमा, उपमाका रुपमा, संदर्भका रुपमा! हामी हिन्दुधर्मावलम्बीहरु विशेष गरि जनै धारीहरु समय - समयमा हाम्रा छोरा-नातीहरुको चुडाकर्म (व्रतवन्ध) गरि दिन्छौं जस्ले आफ्नो सेख पछि छोरा नातिहरुले पीण्ड पानी गर्न सकुन् - पारलौकिक क्रिया कर्म गर्न सकुन्, हामीलाई तरण-तारण गर्न सकुन् भनेर। चुडाकर्मले हामीलाई धर्म शास्त्रोक्त सबै कर्महरुको अधिकार प्रदान गर्दछ। जो हाम्रा पुर्खा जिजु बाजेहरुले सम्पन्न गरेर गए-ती सबैको अधिकार हामीलाई स्वतः प्राप्त हुन्छ।

भारतीय धर्म शास्त्रमा जम्मा सोलहवटा संस्कारहरुको उल्लेख विस्तार पूर्वक छ। हिन्दुधर्मावलम्बीहरुले यी संस्कारहरुलाई धेर थोर सबैले मानेको हुन्छ। संस्कार शब्दको एउटा साधारण अर्थ हो ''शुद्धता'' संस्कार भन्नुको अर्थ हो शुद्ध हुनु, शुद्धता केवल सफा हुनुलाई मात्र न भनेर यी शारिरीक, मानसिक, धार्मिक र अध्यात्मिक हुन्छन् - त्यस कारण धार्मिक संस्कारहरुलाई मान्न अति आवश्यक छन् - ती संस्कारहरु हाम्रो आत्माको शुद्धि, आध्यात्मिक विकासको निमित्त अति आवश्यक हुन्छन्। धर्म शास्त्रमा सोलह संस्कारहरुको उल्लेख आत्माको शुद्धि र विकासलाई ध्यानमा राख्दै यसलाई मान्नु भनिएको हो। यी सोलह संस्कारहरु मध्ये चार प्रमुख संस्कारहरु - जन्म, मृत्यु, विवाह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

र व्रतवन्धहुन् जसलाई हामीले समयानुसार परिपालन गर्दै आएका छौं। हामीमा धार्मिक शुद्धता विद्यामान छ भनि हामी ठोकेर भन्न सक्छौं। जब हामी भारतीय धर्म, संस्कार, सांस्कृतिको मुक्त मनले चर्चा गर्छौं, त्यति बेला एउटा मुष्ट अंग अपरिहार्य अंगको चर्चा नगर्दा - जसको छाप भारतीय धर्म संस्कार र संस्कृतिको पाइलै पछि छ - चर्चा एकलकाँटे र पक्षपातपूर्ण हुन जान्छ। त्यो अंग हो भारतीय नारी जगत। संसारको मानव सभ्यताको प्रथम किरणको उदय कालमानै हामी पाउँछौं गार्गी, आत्रेयी, मैत्रेयी, आदि विदुषी नारीहरु, जसले ऋषि पतिहरुसंग यज्ञ मण्डपमा बसेर पवित्र वेद ऋचाहरुको उच्चारण गर्दै यज्ञ गरे। त्यस पछि हाम्रो सभ्यता, धर्म, संस्कृतिको सम्वर्धन गर्दै भारतीय वाङमयमा सहस्रौं नारी मूर्ति देखा परे - लीलावती, पद्मावती, आदि - आदि। यति मात्रै होईन, भारतीय धर्म शास्त्रले नारीलाई शक्तिको रुपमा, दात्रीको रुपमा, मातृको रुपमा मान्दै अद्यावधि आएको छ। लक्ष्मी, गायत्री, सरस्वती, महाकाली आदि एक-एक शक्तिका विधायिका हुन् - जसको कृपा न भए ती शक्ति हामीमा प्राप्त हुँदैनन्। जब पुरुष वर्ग कमजोर हुन्छन् - शक्तिहीन हुन्छन त्येतिखेर यीनै नारी मूर्तिले धर्मको, संस्कृतिको र संस्कारको रक्षा गरेका छन। यहाँ सम्म कि संसारको श्रृष्टि, स्थिति, परिपालन जम्मैमा नारी शक्तिको अहं भूमिका रहेको छ - माया - जसको आदि अन्त्य त्रिमूर्तिले पनि जानेका छैनन् भनि हाम्रा पुराणहरु बोल्दैछन्।

आजको युग संधिमा, जब हाम्रा समाजमा नारी जातिको नैतिक, आध्यात्मिक, सांस्कृतिक र धार्मिक पतन हुँदैछ। यस प्रति गहन चिन्ता आजका धार्मिक, सामाजिक र राजनैतिक तहका महानुभाव वर्गले गर्ने अति आवश्यक परेको देखिन्छ - किनकि आउँदो भोली झन विकट परिस्थिति आउँदैछ - युगको ! युगको परिस्थितिलाई ध्यानमा राख्दै युग सुहाउँदो व्यवस्था दिनुनै युग संग मिल्नु हो र आफ्नो बचाव गर्नु हो यस सन्दर्भमा आजको परिचर्चाको विषय ''कुमारी दिक्षा'' ''युग सापेक्षता'' आफ्ना विषयवस्तु लिएर तपाईहरुका सामु उभिएको छ।

कुमारी दिक्षा क्या हो ? किन कुमारी कन्यालाई दीक्षा दिनु पर्छ, यो पैलि किन थियेन र आज किन र कहाँ बाट यो नयाँ नियम आयो ? भनि तपाई सोध्नलाई एक डोको प्रश्न लिएर उभिनु भएको छ, मलाइ; थाहा छ, र तपाईका प्रश्नका उत्तरहरु विशद विषय वस्तुको प्रस्तुति सहित यस प्रकार छन्।

आज भन्दा लगभग पैंतिस-चालिस वर्ष अघि सम्म हाम्रा नेपाली समाजमा सर्वत्र कन्या कुमारीको विवाह सही उमेरमा, उपयुक्त वातावरणमा सवर्ण मित्र यथा विधि हुन्थ्यो र विवाह मण्डपमै कन्यालाई दीक्षा मंत्र दान गरिन्थ्यो, जसको अर्थ सबै धर्मकर्ममा

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

आफ्ना पतिको सहभागिता र मृत्यु पछि क्रिया कर्मको अधिकार सबै वर पक्षलाई - कन्याको गोत्र समेत वरको गोत्रमा जान्थ्यो, महाँसंकल्प यसको सर्व साक्षी हुन्थ्यो । यो हामी हिन्दु (सनातन) धर्मावलम्बीहरुको प्रामाणिक विवाह पद्धति हो र आज पनि जब धार्मिक तरिकाले विवाह हुन्छ - यही प्रथा प्रचलनमा आउँछ । यो प्रथा सरल - बाधाहीन गतिले चलेर जाँदा त बिचमा कुमारी दीक्षाको प्रचलनको केही आवश्यक्ता नै पर्दैनथ्यो ।

त्यो समयमानै माँगी विवाह गर्ने चलन को युग गत बीस - पच्चीस वर्ष सम्मन धुम-धाम सित चल्यो, त्यस पछि बिस्तारै बिग्रन थाल्यो ! हाम्रा धर्मभीरु समाजमा र अन्य समाजमा पनि घरै पछि कन्याहरु बढ़े, पढ़े - लेखे - अनि कोही नौकरी तिर झुके। तर कन्याहरुको संख्यामा असिमीत बढ़ोत्तरी भएर हो वा आफैं वर खोजेर विवाह गर्ने विचारले हो वा चारित्रीक कारणले हो वा अन्य कुनै अविदित कारणले हो - कन्याहरु धेरै मात्रामा प्रत्येक वर्षनै उब्रिये ! यसले समाजमा एक प्रकारको असजिलो वातावरणको जन्म भयो । कुनै कन्याहरु अनेपाली सित जाति 'कुल' धर्म सबैलाई तिलाञ्जली दिँदै उत्तै गये, कुनैले हिन्दी फिल्ममा जस्तै भुमिका खेले । एउटा उराठिलो वातावरणको श्रृष्टि भयो हाम्रा समाजमा । पुरानु व्यवस्था चकनाचुर भएर जाँदैछ : नयाँ व्यवस्थाले अझै खुट्टा टेकी सकेको छैन - कोनि टेक्ने होकि होइन .....!

अब यो माथि उल्लेख गरिएको वातावरण प्रति तपाईको ध्यान आकर्षण गरिन्छ ! साधारणत कन्यालाई हामी किन जाति सुहाँउँदो उपयुक्त वरका हाथमा दान गर्दछौं ? विवाह अघि कन्याका पिताले किन नान्दी श्राद्ध गर्द छन ? यसको अर्थ कन्यालाई शास्त्रोक्त विधिले शुद्ध पारेर दान गर्नुको पछि के महत्व छ ? यसका पछि एक महत्व यो छ कि हाम्रा कुल पितृहरु कन्याहरुबाट बहुत ठूलो आशा राख्दछन् कि - उनीहरुका कुलोत्पन्ना कन्याबाट पछि योग्य सन्तानको बृद्धि हुन्छ र वंश बृद्धि, सन्तान रक्षा र कुलोद्धारको कर्म कन्याबाट नै हुन्छ अनि ति सन्तान बाट पितृ - पितामहलाई तर्पण - पिण्ड आदि पितृ कार्य हुन्छन - अद्यावधि भै रहेका छन् । त्यस कारण कन्या कुमारीको गोत्र (पिताका साथको गोत्र) - जो सित विवाह विधिपूर्वक हुन्छ उसैको गोत्रमा संकल्प र साखोच्चारण द्वारा गोत्र दिईन्छ, अनि मात्र कुनै कारणवश त्यसको मृत्यु भएमा वर-पक्षलाई क्रिया कर्म गर्न कर लाग्छ अनि त्यसै गोत्रमा त्यसको क्रिया कर्म, पिण्ड - पानी, तरण- तारणको व्यवस्था हुन्छ । तर कन्याको मृत्यु भयो भने कसको गोत्रमा गाभेर क्रिया-कर्म गरि दिने ? बिना गोत्रको श्राद्ध - तर्पण कसरी गर्ने ? भन्ने प्रश्नको समाधान हो - कुमारी दीक्षा ! आजको युगको माँग बन्न पुगेको छ । भारतीय धर्म शास्त्रहरु मध्ये अठारह पुराणहरुको मानव जीवनका विभिन्न क्षेत्रमा उपयोगी भूमिका रहेको पाइन्छ । यी महापुराणहरुमध्ये "गरुड महापुराण" मृत्यु पछि आत्माको - जीवात्माको - प्रेत योनि -

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

गति र यसबाट मोक्ष गति प्राप्तिको बारेमा विस्तार सहित विशद व्याख्या गर्दछ। प्राणीहरुको मृत्यु पछिको ''जीवन'' सित सम्बन्ध राख्दछ ; त्यो गरुड पुराण - जो हामी साधारणतः मरणोपरान्त क्रिया गर्दा गुरु - पुरोहित बाट सुन्दछौं - गरुड पुराणको एउटा अध्याय ''प्रेत-खण्ड'' मात्र हो सम्पूर्ण ''गरुड़ महापुराण'' ठूलो पुराण श्री मद्भागवत महापुराणको आकार जत्रो छ।

यही ''गरुड महापुराण'' अन्तर्गत कन्याकुमारीको ''दीक्षा'' को चर्चा यहाँ गरिन्छ। ''कुमारी दीक्षा'' भन्नुको तात्पर्य क्या हो भने - जुन कन्याको एउटा निश्चित उमेर सम्म पनि विवाह हुन सकेन भने - त्यस्ता कन्यालाई विशेष विधि अन्तर्गत कुनै ठूलो पर्वमा, अथवा सामाजिक धार्मिक यज्ञानुष्ठानमा विधि पूर्वक ''कुंभ विवाह'' नामको विवाह गरि दिएर ति कन्याको गोत्र गायत्री, सावित्री, सरस्वतीको गोत्रमा संकल्प द्वारा सारि दिनु र गायत्री मंत्रको दीक्षा दिनु। त्यस्ता दीक्षित कन्याको विवाह नभैकन मृत्यु भएमा माईती पक्षले गायत्री, सावित्री, सरस्वतीको गोत्रमा क्रिया कर्म गरि पिण्ड - जल दान गर्दा, उनीहरुले पाँउदछन - अपगति पर्दैनन भन्ने विधि - विधान भएकोले ''कुमारी दीक्षा'' आजको परिप्रेक्षमा आवश्यक मात्र न भएर अति आवश्यक भएको छ। हामी कुमारीहरुको समयमा विवाह गरि दिन असमर्थ छौं। तर कुमारी दीक्षा चाहिं दिलाएर आत्माको तरण-तारण मोक्ष मार्गतिर लैजान सक्ने रहेछौं। त्यस कारणले पनि ''कुमारी दीक्षाको'' अपरिहार्यता सिद्ध हुन्छ।

भारतीय धर्म संस्कार र संस्कृतिले कहीं पनि कुनै युगमा पनि संकटापन्न अवस्थामा शरणापन्न प्रति आस्था - पूर्ण व्यवस्था दिएको छ - ''तँ मर्न जा'' न भनेर ''तँ यसरी बाँच'' भनेको छ बरु। लौ अब आजको युगानुसार नारी शक्तिलाई जगेड़ा गर्न अघि बढ़ौं आफ्ना - आफ्ना कन्या कुमारीहरुलाई ''दीक्षा'' प्रदान गर्ने कार्यक्रममा अधिकतम संख्यामा भाग लिन लाई प्रोत्साहन गरौं ..... अस्तु .....।

सुन्दरमणि भरद्वाज

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

कुमारी दीक्षा कस्लाई - किन ?

विश्वका सबै समाजहरु आज प्रदूषित छन् । मान्छे अतिसभ्य हुँन खोज्दा-खोज्दै नाङ्गिन थालेको छ । मात्र शरीर न भएर उसका संस्कार - संस्कृतिहरु पनि निर्वस्त्र, निर्लज्ज घुम्दै छन् । समाज भित्र कतिपय रुढीवाद प्रचलित छन् । तर कतिपय आवश्यक कार्यहरुको लेखा-जोखा नै छैन । वास्तवमा सारा समाजनै विपरित गति र दिशातिर जाँदै छ । विपरित गति, प्रकृति वा अन्य प्राकृतिक प्राणीबाट भएको छैन । सारा वन, वन्यप्राणीको विनाश मानव द्वारा नै भएको छ । सम्पूर्ण पृथ्वी उजाड़िएको छ । समाज आधार विहीन हुन पुगेको छ । आधुनिक शिक्षानीतिको प्रतिकूल असर समाजमा यत्र-तत्र देखिएको छ । अंग प्रदर्शन गर्दा लाज-शरम लाग्दैन । तर मुण्डन गर्दा शर्मिन्दा हुन्छन् । ढाकता पनि आधुनिक हुन्छ । प्राचीन, सभ्यता, समाजलाई छर्लंग पार्न ग्रन्थहरुको अध्ययन अद्यापन हुन छोडो । ज्ञान, विज्ञान, विद्या, व्यवसायमा परिणित भये । खाई जीविका बनाउने साधन, माध्यम भये । ग्रन्थ शास्त्रहरुको अध्ययन-अध्यापनमा न्युनता आउँनाले कर्म, संस्कारहरु दिन-दिनै धमिलिँदै जाँदै छन् । परम्पराहरु रुढीवादी बन्न पुगेका छन् । जब सम्म हाम्रो धर्म-दर्शनको ज्ञानार्जन हामीमा हुँदैन तब हामी विश्वलाई कुनै नयाँ चीज प्रदान गर्न सक्तैनौं । सर्वदा तप समाधि द्वारा खोज गर्नु हाम्रो परम्परा हो । खोजिएको पदार्थ माथी अनुसंधान गर्नु पनि हाम्रो कर्तव्य हो । हाम्रो धर्म शास्त्र भित्र गुम्सिएर बसिरहेको "कुमारी दीक्षा" सर्वजनहिताय सर्वजनसुखायका निम्ति यो प्रयास हो । धर्म शास्त्रमा कुमारी दीक्षाका चर्चा पर्याप्त रुपमा फेलापरेका छन् । दुर्वासा ऋषिले महाभारतमा कुन्तिलाई दीक्षित गरेको कुरा स्पष्ट लेखिएको छ ।

तस्यै स प्रददौ मन्त्रमापद्धर्मान्ववेक्षया ।
अभिचारभिसंयुक्तमब्रवीत् चैवतां मुनि: ॥

यहाँ आपद्धर्म भन्ने शब्द आयेको छ । आपद्धर्म भनेको के होत ? के आज भोली को परिस्थिति आपद्पूर्ण छैनत ? युवावस्था मा प्राप्त युवतीको विवाह नहुनु यो पनि आपद् धर्म हो । यसै अवस्थामा कारणवस मृत्यु भयो भने त्यो सबै भन्दा आपत्ति हो ...। विवाह लौकिक जीवनलाई सफलता पूर्वक यापन गर्नलाई परस्पर बन्धन बाँधने साधन मात्र न भएर पारलौकिक जीवन अवस्था संग पनि सम्बन्ध छ । "स्त्री शूद्राणां विवाहस्तु" भनेर स्त्री जातीका विवाह संस्कारलाई प्रमुखता दिएको छ । तर भविष्यका गर्भकोकुरा जान्ने कोही न भएको हुँदा "कुमारी" अवस्थामानै दीक्षा दिनु पर्दछ । कुन्तिलाई दुर्वासा ऋषिले विवाहपूर्वनै दीक्षा दान गरेको कुरा युक्ति संगत ठहरीयो । दीक्षा दिने र ग्रहण गर्ने प्रथा नया बनाएर प्रस्तुतगर्न खोजीएको हैन । अन्य ग्रन्थहरुमा यसको विवेचना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

भएकोछ । कार्तिक मास महात्म्यमा पनि यसरी प्रस्तुत गरेको पाइन्छ ।

अस्यै मन्त्रं प्रयच्छामि श्री विष्णोर्द्वादशाक्षरम् ।
करोतु वर्षत्रितयं जपमस्य सुलोचना ॥

कुमारी किशोरीको विवाह भएकै दिन विधवा योग छ भन्ने जानेर शंकर नाम गरेका ब्राह्मणले किशोरीलाई द्वादशाक्षरी मन्त्र प्रदान गरे । यदि ॐ कार लाई हटाएर "नमो भगवते वासुदेवाय" मात्र भन्ने हो भने द्वादशाक्षरी न भएर एकादशाक्षरी मन्त्र हुन्छ । द्वादशाक्षरी भन्ना साथ .. "ॐ नमो भगवते वासुदेवाय" पूर्ण मन्त्रको जाप हुन्छ । "वर्ष त्रितयम्" तीन वर्ष सम्म जप भन्न खोजेको होइन । तीन वर्ष सम्म निरन्तर जप गर्नाले विधवा योग नष्ट हुन्छ । तर आजीवन यस मन्त्रको जप भई रहनु पर्दछ, मन्त्रदान भएपछि मात्र अरु कर्म गर्ने अधिकार हुन्छ । कुमारहरुलाई पनि मन्त्रदान पश्चात सम्पूर्ण कर्म गर्ने अधिकार प्रदान गरेको छ । व्रत र मन्त्रमा अन्तर हुन्छ । व्रतको उध्यापन हुन्छ । तर मन्त्र प्राप्त भएपछि जीवनको अन्तिम क्षण सम्म पनि उध्यापन हुँदैन यो मन्त्र प्राण संगै विलिन हुन्छ ।

भूतं भव्यं भविष्यं यत् तापं जन्म त्रयार्जितम् ।
समूल नाशमायति द्विजकन्योपनायनात् ॥

यस श्लोक को अर्थ आज सम्म यसरी मात्र लगाईन्थ्यो तीनै जन्मको पाप, योग्य पति प्राप्त भये नष्ट हुन्छ भनेर । तर यस्को अर्थ योग्य गुरुको प्राप्ति वा संगतले उपार्जित तीनै जन्मको पाप नष्ट हुन्छ । "उपनायनात्" भन्ने शब्दले केवल योग्य पति मात्र नभएर योग्यगुरु भन्ने अर्थ पनि बुझाउँदछ । अर्थात्

वैवाहिको विधि: स्त्रीणां संस्कारो नैगम: स्मृत:
निवसेद्वा गुरोर्वापि गृहेवाग्नि परिक्रिया ।
एष ते कथितो राजन्नौपनायनिकोविधि: ।

हामीले आजसम्म भेटेकै प्रमाण अनुसार यस श्लोकमा पनि "वैवाहिको विधि स्त्रीणां" भनेर स्त्री जातिहरुको मूल संस्कार विवाह नै हो यो स्पष्ट छ । तर प्रमाण यति भनेर चुप लाग्दैन अगाडी सबै भन्दा महत्वपूर्ण कुरा"निवसेद्वा गुरो:" भनेर "वा" भन्ने शब्द विकल्पको रुपमा विवाह न भए गुरुका समीप गएर दीक्षित हुनु भन्ने अर्थ स्पष्ट छ । यो श्लोकलाई राम्रो विचार गर्दा गुरुका समीपमा गएर कुमारीहरुलाई सम्पूर्ण मन्त्र जप गर्ने अधिकार बालकले झै बालिकाले पनि पाएको उपरोक्त श्लोकमा "उपनयन" यस वाक्यको भावार्थलाई गहन विचार गर्दा केवल विवाह मात्र नभई गुरु सान्निध्य दीक्षा ग्रहण भन्ने प्रमाणित हुन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

मन्त्र आदान गर्ने सम्बन्धमा यसरि वर्णन गरेको छ ।

जन्मोत्थं च विलोक्य बाल विधवा योग विधाय व्रतम् ।
सावित्र्याउत पैपलं हि .....॥

उपरोक्त श्लोकमा नारीको विधवा योग हुँदा कुंभ वा पिपल संग विवाह गरि पुरुष संग विवाह गर्दा विधवा योगको दोष निवारण हुने कुरा र सो विवाहमा कुनै दोष न लाग्ने कुरा स्पष्ट पाइन्छ, तर "सावित्र्याउत पैपलं हि" भन्ने साथ पैली दीक्षा अनि विवाह भन्ने कुरो स्पष्ट हुन आउँछ ।

जप गर्ने अधिकार तब सम्म कसैलाई छैन, जब सम्म दीक्षित हुंदैन नारी होस वा पुरुष । यहाँ सावित्रीको मन्त्र जप गर्ने अधिकार स्पष्ट छ । यसको अर्थ कुमारीहरुले दीक्षित हुनु पर्दछ । आश्वलायन गृह सूत्रका अनुसार संस्कारका क्रममा सबैलाई समयको विभाजन गरेको छ । कुमारीका सन्निकटमा आईपुग्दा "सर्वकालं एके" यो वाक्य उद्धृत गरेको छ कुमारहरुको व्रतबन्धमा उत्तरायणको आवश्यकता देखाएको छ । तर कुमारीहरुका निमित्त "सर्वकालं एके" भनेको छ । यसैलाई आधार मानेर मार्गशीर्ष महिनामा पनि विवाह गर्दा कान फुक्ने चलन प्रचलित छ । तसर्थ एघार वर्ष देखि धेरै उमेर की कुमारीहरुले दीक्षा ग्रहण गर्नु अति आवश्यक छ । श्रीमद्भागवत महापुराणमा पनि गोपिनीहरुले भगवान श्री कृष्णको प्राप्तिका लागी मन्त्रको जप गरेको कुरा उल्लेख छ । "इति मन्त्रं जपन्त्यस्ता पूजां चक्रु कुमारीका" ।

हाम्रो समाजमा यो अवधारणा बन्न पुगेको छ कि कन्याहरुको विवाह भए पछि मात्र चूलामा चढ्ने या भात पकाउने, पस्किने अधिकार छ भनेर, विवाह अधिकार दिने होईन । जब सम्म गुरुमुखी हुँदैन तब सम्म त्यस्ति विवाहिता नारीलाई कुनै अधिकार प्रदान गरेको छैन । स्वतः विवाह गर्ने युवा, युवतीको चलन हुँन थाल्दैछ । यदि त्यस नारीका कानमा कुनै गुरुले मन्त्र फुकिदिएकै छैन उसलाई देवकार्य र पितृकार्य गर्ने अधिकार छैन । तर अविवाहित छ गुरुमुखी छ भने उसलाई देवकार्य र पितृकार्य गर्ने सम्पूर्ण अधिकार छ, भन्ने उल्लेख स्मृति पुराण एवं भक्ति ग्रन्थहरुमा लेखिएको छ । "देवता तिथि पूजनम्" को उल्लेख गरेको छ । देवता र पितृहरुलाई एउटै स्थानमा राखेको छ ।

देवता पितरश्चैव पितरश्चापि देवता ।
एकी भूताश्च पूज्यन्ते पृथक्त्वेन च कर्मसु ॥

"एक पंक्तौ समस्नीयात" स्मृति वाक्यको अनुसार गुरुमुखी अथवा दीक्षित व्यक्ति एकै पंक्तिमा बसेर भोजन ग्रहण गर्न सक्छ । पुनः "मात्रा सहोपनयने" भनेर आनन्द रामायणले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

दीक्षित व्यक्तिलाई भोजन बनाउने सँगै भोजन गर्ने अधिकार दिएको छ। विवाह संस्कार यस्को लागी बाधा रहित छ। नारीको विवाहका दिनमा नै दीक्षित वा गुरुमुखी हुनाले विवाहको दिन बाट नै देवकार्य, पितृकार्य हरुका अधिकारी हुन्छन्। तर दीक्षा ग्रहण गरे पश्चात् विवाह पूर्व पनि देवादि कायहरुमा पूर्ण अधिकार प्राप्त गर्दछन्।

उपरोक्त आधारहरुलाई लिएर यो भन्न सकिन्छ कि कुमारी दीक्षा दिने व्यवस्था अनादिकाल देखिनै चली आएको छ। आज पचीस; तीस वर्ष पुगेका अविवाहित नारीहरु छन्। त्यस आयु सम्मन पनि विवाह नहुनु लाई आपर्ध्दम भन्न सकिन्छ। भविष्यका गर्भको कुरा, विधिको विधान कसैले जान्न सकिंदैन।

अत: एघार वर्ष भन्दा धेरै आयुका कुमारीहरुले दीक्षा ग्रहण गरेर अरु सरह बाँच्न आज आवश्यक छ। बाल्य अवस्थामै दीक्षित भये भने सबै कार्यका भागीदार हुन्छन्। साथै स्वाबीलम्बि बनेर समाजको अगाडी ठाडो शिर पारी हिंड्न सक्तछन्। अल्पायु मानै मृत्यु भएछ भने पनि ''दशगात्रादि'' कर्मको अधिकार पाएको हुन्छ। दीक्षित न भएको खण्डमा मृत्यु भये बालक-बालिकाको अन्त्येष्ठि बार्ने जुन विधान छ त्यहि आधारमा कार्य गर्नु पर्दछ। कुमार वा कुमारीलाई समान स्थान प्राप्त गर्नका निमित्त कुमारीहरुलाई दीक्षा दिनु अथवा कुमारीहरुले दीक्षा ग्रहण गर्नु अधिकारको कुरा हो। समाजले यस संस्कारलाई आवश्यक सम्झी यस्को लाभ उठाउने समय आयेको छ।

विजया दशमी
१९-१०-९९

पं. बद्रीनाथशरण खतिवड़ा
चारहजारे, मणिपुर

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

हाम्रो निवेदन

माननीय पं. श्री बद्रीनाथ शरण खतिवड़ा ज्यूको युगानुकुल खोज द्वारा नारी समाजको समस्याको समाधान खोजी ''कुमारी दीक्षा'' को कार्यक्रम आरम्भ गरेकोमा हामी अत्यन्त खुशी छौं। यो कुरा सुने पछि हामी युवाहरु पुस्तक छपाईको सम्पूर्ण खर्च वहन गर्ने निश्चय गरी, युगसापेक्ष कार्यको प्रति प्रोत्साहन दिंदै आशा पनि राख्तछौं कि हाम्रा धार्मिक कार्यहरुमा समयानुकुल संशोधन हुन, र यो धर्म युगानुकुल भई रहन सकोस्।

क्रम	नाउँ	रु.	स्थान
१.	सुरवीर कार्की	१००१/-	इम्फाल
२.	राजु तामांग	१००१/-	इम्फाल
३.	रोशन कार्की	१००१/-	इम्फाल
४.	टिका देवी भट्टराई	१००१/-	इम्फाल
५.	रतन कुमार रिजाल	१०००/-	इम्फाल
६.	मोहन निरौला	१०००/-	इम्फाल
७.	नवीन कुमार महतारा	१०००/-	इम्फाल
८.	कृष्ण शरण	१०००/-	इम्फाल
९.	चन्दन अधिकारी	१०००/-	इम्फाल
१०.	यादव खड़का	१०००/-	इम्फाल
११.	देवव्रत शर्मा	१०००/-	इम्फाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

दीक्षा विधि

दीक्षा ग्रहणात् पूर्वे दिने (ययादीक्षा ग्रहणीया तया) नख: छेदनादि पूर्वक सुस्नाता हविष्यान्न भोजनं कर्तव्यम्। दीक्षा ग्रहण दिवसे पिता स्वकन्यासह यज्ञ मण्डपं (कर्मस्थानम्) आगत्य सुस्नाता शुचिर्भूय शाटिकाऽदि (साड़ी) धृत्वा शुद्धासने उपविष्य पञ्चगव्य प्राशन पूर्वक कस्तुरी, कुंकुम, रोली, सिन्दुरादि धृत्वा आचम्य, मंगलोच्चारणं कुर्यात तद् यथा : करन्यास अंगन्यासम्, च कुर्यात्।

करन्यास

श्री देवी वरकामिन्यै अङ्गुष्ठाभ्यां नम:।
श्री मित्र बन्धन मदनायै तर्जनीभ्यां नम:।
श्री त्रैलोक्य चिन्तामण्यै मध्यमाभ्यां नम:।
श्री धरणि धरण्यै अनामिकाभ्यां नम:।
श्री विष्णु प्रियायै कनिष्ठिकाभ्यां नम:।
श्री महालक्ष्म्यै करतल कर पृष्टभ्यां नम:।

हृदयादिन्यास

श्री देवी वरकामिन्यै हृदयाय नम:।
श्री मित्र बन्धनमदनायै नम: शिरषे स्वाहा।
श्री त्रैलोक्य चिन्तामण्यै नम: शिखायै वषट्।
श्री धरणि धरण्यै नम: कवचाय हुम्।
श्री विष्णु प्रियायै नेत्र त्रयाय वौषट्।
श्री महालक्ष्म्यै नम: अस्त्राय फट्।

अथ मंगलाचरणम्

ॐ स्वस्ति श्री मन्महागणाधिपतये नम:
ॐ इष्ट देवताभ्यो नम:
ॐ कुलदेवताभ्यो नम:
ॐ स्थान देवताभ्यो नम:
ॐ ग्राम देवताभ्यो नम:
ॐ वास्तु देवताभ्यो नम:
ॐ वाणीहिरण्यगर्भाभ्यां नम:

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

ॐ लक्ष्मी नारायणाभ्यां नमः
ॐ उमामहेश्वराभ्यां नमः
ॐ शची पुरन्दराभ्यां नमः
ॐ सर्वेभ्यो देवी देवेभ्यो नमः ॥
ॐ आदौ श्री गणनायकं विधिसुतां शम्भुं विधिं माधवं ।
लक्ष्मिं शैलसुतां विधेश्च दयिता मिन्द्रं सुरादीन् ग्रहान् ॥
पुण्यान् स्थावर निम्नगांश्च सुमुनीन् स्वीयाम् कुलस्याम्बिकाम् ।
तातं मातर मादरेण हि नुमः कुर्वन्तुनो मंगलम् ॥१॥
ॐ आदित्यादि नवग्रहाः शुभकरा मेषादयो राशयो ।
नक्षत्रादि सयोगकाश्चतिथयस्तद्देवतास्तद्गणाः ॥
मासाब्दा ऋतवश्च पक्ष दिवसाः सन्ध्यास्तथारात्रयः ।
सर्वे स्थावर जंगमाः प्रतिदिनं कुर्वन्तुनो मंगलम् ॥२॥
श्री सीता रघुनाथ कश्च गिरिजा शम्भुर्गणेशस्तथा ।
नन्दी षण्मुख लक्ष्मणौ च भरत क औदभवः शत्रुहा ॥
सर्वेते मुनयः सुराश्च दितिजास्तिर्थादि नद्यो नदाः ।
दिक्पाला शशि भास्करौ च हनुमान् कुर्वन्तुनो मंगलम् ॥३॥
गंगा सिन्धु सरस्वती च यमुना गोदावरी नर्मदा ।
कृष्णा भीमरथी च फल्गु सरयू श्री गण्ड़की गोमती ॥
कावेरी कपिला प्रयाग सहिता श्री वेत्र वत्यादयो ।
नद्यः श्री हरि पाद पंकज भवा कुर्वन्तुनो मंगलम् ॥४॥
वेदाश्चोपनिषद गुणांश्च विविधा साङ्गः पुराणान्विताः ।
वेदान्तादि च मन्त्र तन्त्र सहिता तकास्मृतिनां गणाः ॥
काव्यालं कृति नीति नाटक युताः शब्दाश्चनाना विधा ।
श्री शम्भोर्गुणनाम कीर्तन पराः कुर्वन्तुनो मंगलम् ॥५॥
वाल्मीकि सनकः सनन्दन तरुव्यासो वशिष्ठो भृगुः ।
जाबाली यमदग्नि कच्छ जनको गर्गोङ्गिरा गौतमः ॥
मान्धाता ऋतुपर्ण वैन्य सगरा धन्यो दिलीपोनलः ।
पुण्यो धर्मसुतो ययातिनहुषौ कुर्वन्तु नो मंगलम् ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

लक्ष्मी: कौस्तुभ: पारिजातक सुरा धन्वन्तरिश्चन्द्रमा।
धेनु काम दुघा गज: सुरगजो रम्भा च देवांगना ॥
अश्व सप्त मुखो विषं हरिधनुं शंखो ऽ मृतं चाम्बुदे।
रत्नानीति चतुर्दशम् प्रतिदिनं कुर्वन्तुनो मंगलम् ॥७॥
गंगा गोमती गोपतिर्गणपतिर्गोविन्द गोवर्धनौ।
गायत्री गरुड ध्वजो गुणनिधिर्गंगाधरो गौतम : ॥
गांगेयो गिरिराज गिष्पति गुरुर्गीता गया गण्डकी।
श्री गुह्येश्वरी गोभिलश्च गोहराट् कुर्वन्तुनो मंगलम् ॥८॥
ब्रह्मावेदपति शिव: पशुपति: सूर्यो ग्रहाणां पति।
शक्रोदेवपतिर्हविर्हुतपति: स्कन्धश्च सेनापति:।
विष्णुर्यज्ञ पतिर्यम: पितृपति: ज्योंति पति श्चन्द्रमा।
सर्वेते पतय: सुमेरु सहिता कुर्वन्तु नो मंगलम् ॥९॥
मंगलं भगवान् विष्णुर्मंगलं गरुडध्वज:।
मंगलं पुण्डरी काक्षो मंगलाय तनो हरि: ॥
मंगलं भगवान् रुद्रो मंगलं वृषभ ध्वज: ॥
मंगलं पार्वती नाथो मंगलाय तनो हर:।
ॐ मंगलम्। ॐ मंगलम्। ॐ मंलगम्।

दीक्षामन्त्र ग्रहणाधिकार सिध्यर्थम् प्रायश्चित गोदान कुर्यात। कुशादिकमादाय सम्पूजित कर्मपात्रोदकम् गृहित्वा संकल्पम् कुर्यात्।

संकल्प :- ॐ तत्सत् विष्णो ३ ब्रह्मणे नम: इत्यादि देशकालादिना संकीर्त्य ..... गोत्राया ..... नाम्नी अमुक कुमार्यहम् मम दीक्षा मन्त्र ग्रहणाधिकार अनुकुला अवस्थायाम् विवाह करण पूर्वक स्वगृह्य सूत्र शाखोक्त गृहस्थाश्रम संपादनाध्यधिकार प्राप्त्यर्थ एवं संस्कार सिद्धयर्थं तथा कामचार कामभक्ष काम दोषादि परिहार पूर्वक श्री मद् परमेश्वर प्रीत्यर्थं च गो निष्क्रय भूतं द्रव्यं वा ..... अमुक गोत्राय ब्राह्मणाय दातुमुत्सृजे।

पुन: भूसंस्कार पूर्वक जनार्दन नाम अग्निम् संस्थापयेत् पूजयेच्च। तत: श्री हरिहर पूजनार्थम संकल्पं कुर्यात्। ..... गोत्रा अमुक नाम्नी

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

कुमार्यहं ममसंस्कार जनित शुभ फलावाप्त्यर्थं धर्मसस्कर्षतेच श्री हरिहर पूजनम् अहं करिष्ये । यथा मिलितो पचार धूप, दीप, नैवेद्यादि समर्पण पूर्वक पूजां कृत्वा पूजनान्ते हस्ते पुष्पं गृहित्वा एवं प्रार्थयेत् ।

हरिरेव बभूव हर: परम हरएव बभूव हरि: सरम: ।
हरिता हरता च तथा मिलिता रचयत्य खिलं खलु विश्व मिदम्
यौ तौ शंख कपाल भूषित करौ मालास्थि मालाधरौ ।
देवौ द्वारवती श्मशान निलयौ नागारि गो वाहनौ ॥
द्वित्र्यक्ष्यौ वलि दक्ष यज्ञ मथनौ श्री शैलजा वल्लभौ ।
पापं मेहरतां सदा हरिहरौ श्री वत्सगंगा धरौ ॥ इति ।

"तत: कन्या स्वहस्त द्वारा हवनं कुर्यात"

१- ॐ विघ्नेश्वराय वरदाय सुरप्रियाय:
लम्बोदराय सकलाय जगद्धिताय ।
नागाननाय श्रुतियज्ञ विभूषिताय गौरि सुताय
गणनाथ नमोनमस्ते ॥
२-ॐ गणेशो भास्करो देवी शिवो विष्णुश्च पञ्चम: ।
पाञ्चायतन देवेभ्य: प्रणमामि पुन: पुन: ॥
३-ॐ सहस्रस्य प्रमासि । सहस्रस्यप्रतिमासि
सहस्रस्योन्मासि साहस्रोसि सहस्रायत्त्वा ॥
४-ॐ सहस्रशीर्षा पुरुष: । सहस्राक्ष: सहस्रपात् ।
स भूमि ꣳ सर्वतस्प्पृत्वात्यतिष्ठ द्दशाङ्गुलम् ॥
५-ॐ सर्वत पाणिपादंतत् सर्वत क्षिशिरो मुखं ।
सर्वत श्रुतिमान्लोके सर्वमावृत्य तिष्ठति ॥
६-ॐ अग्निर्देवता व्वातोदेवता सूर्य्योदेवता चन्द्रमा देवता
व्वसवो देवता रुद्रादेवता दित्यादेवता मरुतो देवता विश्वेदेवा
देवता बृहस्पतिर्देवतेन्द्रो देवता, व्वरुणोदेवता ॥
७-ॐ सचिपते नमस्तुभ्यं सत यज्ञ पते नम: बलायु: कीर्ति
सौभाग्यं श्रीयं देहि सदा मम ॥
८-ॐ अग्ने व्व्रतपते व्रतञ्चरिष्यामि
तच्छकेयन्तन्मेराध्यताम्इदमहमनृतात्सत्यमुपैमि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

९-ॐ तदेवाग्नि तदादित्यस्तद्वायुस्तदुचन्द्रमा: ।
तदेव शुक्रन्तद् ब्रह्मताऽआप: सप्रजापति: ॥
१०-ॐ नमोऽस्त्वनन्ताय सहस्रमूर्तये सहस्रपादा
क्षिशिरो रुवाहवे ।
सहस्रनाम्ने पुरुषाय शाश्वते सहस्र कोटि युग धारिणे नम: ॥
११-ॐ नमोऽस्तु सूर्याय सहस्ररश्मये
सहस्रशाखान्वित सम्भवात्मने ।
सहस्रयोगोद्भव भाव भागिने सहस्र संख्या युग धारिणे नम: ॥
१२-ॐ नमो नमस्ते स्फटिक प्रभाय सुश्वेत हाराय सुमंगलाय ।
सुपाश हस्ताय झषासनाय जलाधिनाथाय नमो नमस्ते ॥
१३-ॐ आकाशे यानि लिंगानि यानि लिंगानि भूतले ।
पालाले यानि लिंगानि सर्व लिंग नमोऽस्तुते ॥
१४-ॐ आकाशे यानि तिर्थानि यानि तिर्थानि भूतले ।
पाताले यानि तिर्थानि सर्व तिर्थ नमोऽस्तुते ॥
१५-ॐ आकाशे सन्ति ये देवा ये देवा सन्ति भूतले ।
पाताले सन्ति ये देवा सर्व देव नमो ऽस्तुते ॥
१६-ॐ ऋतावानं व्वैश्वानरमृतस्य ज्ज्योतिषस्प्पतिम् ॥
अजस्रङ्घर्म्ममीमहे । उपयामगृहीतोसि व्वैश्वानराय त्वैषते ज्योनि
व्वैश्वानरायत्वा ॥
१७-ॐ गणेशं महेशं रमेशं दिनेशं निशीथेश्वरं राधिकेशं सीतेशं।
ग्रहेशं सुरेशं कपीशं भवानीं श्री रामेश्वरं नौमि बद्रीश्वरंच ॥
१८-ॐ पूर्णादर्व्वि परापत सुपूर्णा पुनरापत ॥
वष्णेवविक्रीणा वहाऽइषमूर्ज्ज ꣳ शतक्रतो: ॥
ततः विनियोगपूर्वकं सूर्यनमस्कारं कुर्यात् ।
विनियोग : एक चक्रइत्यस्य नारायण ऋषि सूर्योदेवता
अनुष्टुप्छन्द सूर्यनमस्कारे विनियोग: ॥
अथ मन्त्र : (स्वयंपठेत् वा पाठयेत्)
ॐ एकचक्ररथोयस्य दिव्य कनक: भूषित ।
स मे भवतु सुप्रीत: पद्महस्तो दिवाकर: ॥

epal Sanskrit University, Balmeeki Campus, Kathmand

0. In Public Domain. Digitization by eGangotri.Funding: M

यस्यो दयश्चेहजगत्प्रबुद्ध्यते
प्रवर्तते चा खिलकर्म सिध्दये।
ब्रह्मेन्द्रनारायण रुद्रवन्दितः।
स नः सदा यच्छतु मंगलं रवि॥

सूर्य नमस्कार यथा :-

मित्राय नमः, रवये नमः, सूर्याय नमः भानवे नमः, खगाय नमः, पुष्णे नमः, हिरण्यगर्भाय नमः, मरिचये नमः, अदित्याय नमः, सवित्रे नमः, अर्काय नमः, भास्कराय नमः दिग्भ्यो नमः, दिग्देवताभ्यो नमः। दिग्देवताभ्यश्चप्रणमेत्।

ततः हस्ते पुष्पं गृहित्वा यज्ञ मण्डपं प्रदक्षिणा कुर्यात्। पूर्वाभिमुखोत्तराभिमुखो वा शुद्धासने उपविष्य आचम्य पिता वा गुरु द्वारा श्री लक्ष्मी गायत्री मन्त्रम् उपदिशेत्।

तत्र मन्त्रः (**"श्रीः भूः, लक्ष्मी भुवः, लक्ष्मी स्वः, लक्ष्मी महालक्ष्मीं च विद्महे विष्णु पत्नीं च धीमहि तन्नो लक्ष्मीः प्रचोदयात्"**)

ततः कन्या द्वारा दक्षिणार्थं संकल्पं कुर्यात्:- तत्सत् अद्येत्यादि पूर्व संकल्प सिध्दिरस्तु अमुक गोत्रा अमुकदेव्यहं मम श्री लक्ष्मी गायत्री ग्रहणपूर्वक संस्कारजनित समस्त शुभ फलावाप्त्यर्थं श्री मत्परमेश्वर प्रीत्यर्थं दक्षिणार्थं द्रव्यं दातुमुत्सृजे।

ततः उत्तराङ्करणपूर्वक पूर्णाहुतिं हुत्वा अभिषेक मन्त्राशिर्वाद ग्रहणं च कुर्यात्। इति संक्षेपेण कुमारी दीक्षा विधि समाप्ता॥

हरि ॐ तत्सत्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

epal Sanskrit University, Balmeeki Campus, Kathmand

. In Public Domain. Digitization by eGangotri.Funding:

epal Sanskrit University, Balmeeki Campus, Kathmand